लुम्बिनी प्रदेश सरकार
कृषि तथा भूमि व्यवस्था मन्त्रालय

# पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

बुटवल, रुपन्देही, नेपाल

## *टयाग सहितको माउ माछा वितरण कार्यक्रममा* प्रस्तावना आव्हानको सूचना

(प्रथम पटक सूचना प्रकाशन मिति२०८१/०२/०१)

आ.व. २०८०/८१ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार *टयाग सहितको माउ माछा वितरण कार्यक्रममा* सहभागि हुन इच्छुक आवेदकले सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र (मिति२०८१/०२/१६गतेसम्म) यस निर्देशनालय वा मातहतका भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र वा एकिकृत कृषि तथा पशुपन्छी विकास कार्यालयमा तपसिलको कागजातहरू सहित निवेदन पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। प्रस्ताव साथ पेश गर्नु पर्ने निवेदनको ढाँचा, व्याबसायिक योजना, कार्यक्रम सञ्चालन कार्यविधि यस कार्यालयको सूचना पाटी/वेवसाईट https://dolfd.lumbini.gov.np वा मातहतका कार्यालयहरुबाट प्राप्त गर्न सकिनेछ। थप जानकारीका लागि निर्देशनालयको सम्पर्क नम्बर ०७१-४३८५९६मा सम्पर्क गर्न सकिन्छ। रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरू समावेश नहुने व्यहोरा समेत जानकारी गराईन्छ।

### तपसिल

कार्यक्रमको नामः *टयाग सहितको माउ माछा वितरण कार्यक्रम*

| सञ्चालन गर्न सकिने क्रियाकलापहरू | न्यूनतम मापदण्ड | कार्यक्रम सञ्चालन हुने क्षेत्र वा स्थान | आवेदकको किसिम | अनुदानको सीमा |
|---|---|---|---|---|
| (क) सरकारी स्रोत केन्द्रबाट शुद्ध नश्लको PIT टयाग लगाएको माउ माछा खरिद तथा वितरण<br>(ख) बजेट परिधि भित्र रहि आवश्यकताको आधारमा स्क्यानर उपलब्ध गराउन सकिने<br>(ग) अभिलेखीकरण तथा रिपोटिङ्ग | • कार्प जातको मत्स्य बीज उत्पादन गरिरहेको निजी ह्याचरी/फार्म हुनु पर्ने,<br>• माउ पोखरीको लागि चाहिने न्यूनतम क्षेत्रफल ०.५ हे. भएको हुनु पर्ने,<br>• आवश्यक ह्याचिङ गर्ने पूर्वाधार भएको मत्स्य ह्याचरी हुनु पर्ने,<br>• भुरा उत्पादन तथा बिक्री वितरण गरेको हुनु पर्ने, | • लुम्बिनी प्रदेश | • कार्प माछाको भुरा उत्पादन तथा विक्रि गर्ने निजी फर्म/समूह/ समिति/सहकारी ह्याचरीहरु | • कार्यालयले लागत अनुमान स्वीकृत गरी सन्चालन गर्ने। |

संलग्न गर्नु पर्ने कागजातहरूः

१. प्रस्तावकको निवेदन। (अनुसूची ३५बमोजिम)
२. दर्ता/नविकरण भएको प्रमाण-पत्रको प्रतिलिपि (समूह/निजी फर्म/कम्पनी/सहकारी/संघ संस्था)।
३. स्थायी लेखा नम्बर प्रमाण-पत्र तथा गत आर्थिक वर्षको कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपि।
४. कार्यक्रम सञ्चालनको लागि व्यावसायिक कार्य योजना सहितको प्रस्ताव (कार्यक्रमको प्रकृति अनुसार) (अनुसूची -३८ बमोजिम)।
५. सम्बन्धित स्थानीय तहको सिफारिस पत्र।
६. जग्गा धनीको प्रमाण पूर्जाको प्रतिलिपि वा जग्गा भाडामा भए १० वर्ष अवधिको करार पत्र